नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(................................................ शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौ

माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडू र नेपालका लागि अष्ट्रेलियाका महामहिम राजदूत Ms. Felicity Volk बीच वि.सं. २०७८ साल फाल्गुण ३ गते मंगलबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र अष्ट्रेलिया बीच प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै दुई देशबीच सहयोग र समन्वयको क्षेत्रमा बढोत्तरी हुँदै गएको धारणा व्यक्त गर्नुभयो। अष्ट्रेलिया नेपाली विद्यार्थीहरुको प्रमुख अध्ययन गन्तव्य रहेको र तहाँ अध्ययन गर्न उपयुक्त वातावरण रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले नेपालको आर्थिक,सामाजिक,शैक्षिक एवम् रक्षा क्षेत्र साथै कोभिड -१९ संकट व्यवस्थापनको सम्बन्धमा अष्ट्रेलियाको सहयोग र सहकार्यका लागि धन्यवाद दिँदै आउँदा दिनमा जलविद्युत क्षेत्र, सामुदायिक वनको विकास कार्यक्रम, न्याय क्षेत्रको संस्थागत सदृढीकरण लगायतका क्षेत्रमा लगानी गर्ने वातावरण रहेको विचार व्यक्त गर्नुभयो ।

भेटका क्रममा महामहिम राजदूतले नेपाल पुरानो मित्र राष्ट्र भएको साथै नेपालमा स्वास्थ्य, शिक्षा, पूर्वाधार विकास, महिला विकासका क्षेत्रमा विभिन्न कार्यक्रम गरिरहेको र आगामी दिनमा समेत सहयोग र सहकार्य गर्न तयार रहेको धारणा व्यक्त गर्नुभयो । नेपालमा संघीय राज्यव्यवस्था प्रणाली नौलो प्रणाली भएको र यसको पूर्ण कार्यान्वयनमा अष्ट्रेलियाको सहयोग सदैव रहने कुरा उल्लेख गर्दै नेपालीहरुको प्रमुख शैक्षिक गन्तव्य अष्ट्रेलिया रहेको र नेपालीहरुको अध्ययन एवम् रोजगारीका लागि अझ सहज वातावरण निर्माण गर्न पहल गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

मिति : २०७८।११।०३

(फणीन्द्र गौतम)
सहसचिव एवम् प्रवक्ता

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४